accountabilitylab knowledge

NEPAL

# GOVERNANCE Weekly

अंक ४८ | १ पुष, २०७९

## राजबन्दी जस्तो संवेदनशील कानूनलाई कामचलाउ सरकारले परिमार्जन गर्ने अध्यादेश ल्याउनु कत्तिको कानून सम्मत हुन्छ ?

हालै सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा कुनै पनि राजनीतिक दल वा गठबन्धनले सरकार गठनका लागि आवश्यक बहुमत ल्याउन सकेनन् । अहिलेको आवस्थामा, नेपाली कांग्रेसले नेतृत्व गरेको राजनीतिक गठबन्धनले सबैभन्दा बढी सिट पाएको छ र सरकार गठनको लागि आवश्यक पर्ने बाँकी सिट जुटाउन निरन्तर खटिरहेको छ । सरकार गठनका लागि जम्मा १३८ सिट आवश्यक पर्दछ । तर, उक्त गठबन्धनसँग हाल जम्मा १३५ सिट मात्र छ । अहिलेका गतिविधि हेर्दा बाँकी सिटहरु जुटाउन गठबन्धन जुनसुकै हदसम्म जान सक्ने देखिन्छ ।

२५ मंसिर २०७९ मा, सरकारले राजनीतिक बन्दीहरुलाई आममाफी दिने मुलुकी अपराध संहिता (ऐन) २०७४ लाई संशोधन गर्ने अध्यादेशको बारेमा जानकारी गराउँदै राष्ट्रपतिलाई पत्र पठायो । सरकारले २०७२ को टीकापुर हत्याकाण्डको आरोपमा आजीवन कारावासको सजाय भोगिरहेका नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलाई रिहा गर्ने लक्ष्य राखेको थियो । प्रतिनिधि सभामा ३ जना सांसद रहेको नागरिक उन्मुक्ति पार्टीले गठबन्धनमा सामेल हुन रेशमको रिहइको पूर्वसर्त राखेको छ ।

तर, उक्त अध्यादेशले उन्मुक्ति पार्टी मात्र नभई, जनमत पार्टी र नेकपा (माओवादी केन्द्र) लाई पनि फाइदा हुने देखिन्छ । जसका कार्यकर्ता पनि सोहि कानून अनुरुप सजाय भोगिरहेकाछन् । सरकारले राजनीतिक एकताको प्रयास भन्दै स्पष्टीकरण दिएको छ । तर, निर्वाचन आयोगले निर्वाचनको पूर्ण नतिजा सार्वजनिक गरिसकेर अर्को संसदिय बैठक बस्न केही दिन मात्रै बाँकी रहेको अवस्थामा राजबन्दी जस्तो संवेदनशील कानूनलाई परिमार्जन गर्ने अधिकार कामचलाउ सरकारसँग छ त ?

स्रोत: Nepal Times



Photo from eKantipur

## यस अंक भित्र


**के फोहोरमैला व्यवस्थापनको जिम्मा स्थानीय तहको मात्र हो ?**

आवश्यक परेमा स्थानीय तहले निजि क्षेत्रसँग सहकार्य गरेर यसको व्यवस्थापन गर्दछ ।

**बाढिले घर बगायो, सबै कागजात त्योसँगै बग्यो । अब मैले नयाँ कागजात बनाउन के गर्ने ?**

प्रतिलिपि अन्य ठाउँमा नहुदाँ स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले प्रमाणित गरेपछि सम्बन्धित निकायले सो कागजातको प्रतिलिपि उपलब्ध गराउनुपर्दछ ।

**तालमा जसरी प्रदुषण बढ्यो, त्यसरी नै हाम्रो व्यवसाय पनि सुस्तायो ।**

तालमा माछापुच्छे हिमालको प्रष्ट छायाँ हेर्ने पर्यटकको घुइचो लाग्दथ्यो । पर्यटक बढेसँगै विस्तारै तालको फोहो पनि बढ्दै गयो ।

# FACT SHEET

## वातावरण, वन, जैविक विविधता, भूमि तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय सरकारका अधिकार क्षेत्र

| | | |
|---|---|---|
| विपद् व्यवस्थापन | १२ | प्रकारका एकल अधिकार |
| जलाधार, वन्यजन्तु र खानीको संरक्षण सम्बन्धी व्यवस्था | ८ | प्रकारका एकल अधिकार |
| वन, पानीको उपयोग, वातावरण र जैविक विविधता सम्बन्धी व्यवस्था | २६ | प्रकारका साझा अधिकार |
| भूमि व्यवस्थापन सम्बन्धी व्यवस्था | ३ | प्रकारका साझा अधिकार |

सरकारका जलवायु परिवर्तन सम्बन्धी नीति र प्रतिबद्धताहरूको औचित्य स्थानीय तहका योजना र कार्यक्रमहरूमा स्थान नपाउँदासम्म निरर्थक हुन्छ । संविधानले स्थानीय सरकारलाई वातावरण/जलवायु परिवर्तन सम्बन्धी थुप्रै अधिकारहरू प्रत्यायोजन गरेको छ । तर, स्थानीय तहले प्राप्त गरेको अधिकारको सदुपयोग गर्न नसक्दा भने, स्थानीय तहको जिम्मेवारीमै प्रश्न उठ्ने गरेको छ । यसका लागि स्थानीय तहले यथार्थपरक योजना बनाउनुका साथै, यस विषयको संवेदनशिलतालाई ध्यानमा राखेर अभिमुखिरणका कार्यक्रमा जोड दिन पनि जरुरी छ ।

स्रोत: Local Government Operation Act (2017)/NAP (2021-2050)

# MEDIA **HIGHLIGHTS**

निलम्बित प्रधानन्यायाधिश चोलेन्द्र शमशेर जबराले महाअभियोग बोकेरै यही मङ्सिर २७ बाट अवकाश पाएकाछन् । संसदले सम्बोधन गर्न नसकेपछि उनलाई लागेको महाअभियोग १० महिनादेखि अलपत्र परेको थियो । नयाँ गठन हुने प्रतिनिधि सभाले उनलाई लागेको अभियोग टुंगोमा पुऱ्याउनुपर्ने कानू विज्ञ र आम नागरिकले माग गरेकाछन् ।

*थप यहाँ हेर्नुहोस्:* *Annapurna Post*


Photo: Annapurna Post



Photo: The Kathmandu Post

नेपालका करिब तीन दर्जन मानवअधिकारवादी संस्थाहरूले फिफाका अध्यक्ष जियानी इन्फान्टिनोलाई पत्र लेखेर जारी विश्वकप फुटबलको पूर्वाधार निर्माणमा संलग्न श्रमिकहरूलाई क्षतिपूर्तिको सुनिश्चितताको लागि पहल गर्न अनुरोध गरेका छन् । कतार सरकारले क्षतिपूर्तिको लागि पर्याप्त चासो देखाउन असफल भएपछि अधिकारवादी संस्थाहरूले इन्फान्टिनोलाई पत्र लेखेका हुन् ।

*थप यहाँ हेर्नुहोस्:* *The Kathmandu Post*

नयाँ प्रतिनिधि सभामा निर्वाचित ६० वर्ष माथिका सांसदको तुलनामा ४० वर्ष मुनिका निर्वाचित सांसदको प्रतिनिधित्व तीन गुणाले कम छ । प्रतिनिधि सभामा २८ जना युवा सांसद छन्, जसमध्ये ८ जना मात्र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएकाहुन् । त्यसै गरेर, ६० वर्ष माथिका ८८ जना निर्वाचित सदस्य मध्ये ६३ जना पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएकाहुन् ।

*थप यहाँ हेर्नुहोस्:* *Naya Patrika*




Photo: Naya Patrika


Photo: Kantipur

अन्तर्राष्ट्रिय श्रम संगठनको १७ औं एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा दक्षिण कोरिया र नेपाली प्रतिनिधिमण्डलबीच भएको छलफल अनुसार आगामी वर्ष दक्षिण कोरियाले ४० हजार नेपालीलाई रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत लैजाने भएको छ । उक्त श्रमिकहरु उत्पादन, निर्माण र कृषि क्षेत्रमा संलग्न हुनेछन् ।

*थप यहाँ हेर्नुहोस्:* *Kantipur*

# Rumors and Facts

Online

के फोहोरमैला व्यवस्थापनको जिम्मा स्थानीय तहको मात्र हो ? निजि क्षेत्रले आफैले यसको व्यवस्थापन गर्न पाउँदैन ?

फहोर संकलन, स्थानान्तरण, ल्याण्डफिल साईट छनौट तथा फोहार व्यवस्थापन जस्ता हरेक कार्यको दायित्व स्थानीय तहको हुन्छ । तर, आवश्यक परेमा स्थानीय तहले निजि क्षेत्रसँग सहकार्य गरेर यसको व्यवस्थापन गर्दछ ।

*स्रोत: https://cutt.ly/L0mSUT5*

बाढिले घर बगायो, सबै कागजात त्योसँगै बग्यो । अब मैले नयाँ कागजात बनाउन के गर्ने ?

बाढि, पहिरो वा अन्य विपदको समयमा कुनै महतवपूर्ण कागजात हराएको, नष्ट भएको वा कुनै हिसाबमा क्षति भएमा कागजातहरुको प्रतिलिपि अन्य कुनै सरकारी निकाय वा संघ, संस्थामा हुदाँ सम्बन्धित निकायसँग माग गर्न सकिन्छ । सो प्रतिलिपि उपलब्ध गराउनु उनिहरुको जिम्मेवारी हो । प्रतिलिपि अन्य ठाउँमा नहुदाँ स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले प्रमाणित गरेपछि सम्बन्धित निकायले सो कागजातको प्रतिलिपी उपलब्ध गराउनुपर्दछ ।

*स्रोत: https://cutt.ly/H0mSLS9*

Enter your Message

# GROUND NARRATIVES

## तालमा प्रदुषण बढेसँगै हाम्रो व्यवसाय पनि सुस्तायो

मेरो नाम मैया भुजेल हो । म अहिले ६४ वर्ष पुगेँ । मेरो जन्म पोखराको फेवाताल नजिकै रहेको गाउँमा भएको थियो । अहिले म यो तालमा डुंगा चलाएर आमाको हेरचाह गरिरहेकि छुँ । मेरो परिवार खेतीपातीमा निर्भर थियो । हामीसँग खेतिपातीको लागि प्रयाप्त जग्गा थिएन । भएको जग्गामा खेतीपाती गरेरमात्र खान पुगेन । अरु उपाय नभएपछि भाईले जग्गा बेचेर फेवातालमा डुंगामा लगानी गऱ्यो । त्यसपछि पुरै परिवारले डुंगा व्यवसाय अपनायौँ । बुबाको निधनपछि दाजु भाइ छुट्टिएर बसे । सानोमा पढ्न नपाएकोले मैले अरु काम गरेर आय आर्जन गर्नसक्ने अवस्था थिएन । डुंगा चलाउनु बाहेक अरु सिप मसँग थिएन । त्यसबाट राम्रो आमदानी भएपछि घरमा भएको भैंसी पनि बेचेर दुई वटा डुंगा थपेँ ।

बितेको १५ वर्षमा फेवातालमा धेरै परिवर्तन आयो । पहिला तालको क्षेत्र ठुलो थियो र पानी पनि सफा हुन्थ्यो । वर्षायाममा २/३ महिना बाढीले पानी धमिलो पारेको बाहेक ताल फोहोर भएको मलाई सम्झना छैन ।

> **तालमा माछापुच्छ्रे हिमालको प्रष्ट छायाँ हेर्ने पर्यटकको घुइचो लाग्थ्यो । पर्यटक बढेसँगै बिस्तारै तालको फोहोर पनि बढ्दै गयो । फोहोर बढेसँगै फेरी पर्यटक घट्नथाले । त्योसँगै हाम्रो व्यवसाय पनि सुस्ताउदै गयो ।**

पहिले शान्त रहने तालमा बेमौसमी हावा र पानीका कारण त अझै दिनमा एक पटक पनि डुंगा चलाउन सक्ने अवस्था हुँदैन । दिनमा एक पटक पालो पाउन पनि गार्हो छ । कहिले काँही त आफ्नो पालो पर्खेर बस्दा पालो आउने बेलामा हावाहुरी र पानी ले डुंगा चलाउन नपाएर त्यतिकै घर फर्किनु पर्छ । यसले हाम्रो आम्दानी घटिरहेको छ । मेरो उमेरका कारण पनि पर्यटकहरु मेरो डुंगा चढ्न रुचाउँदैनन् तर अरु चालकलाई पनि गार्हो छ ।

आफु पौडी खेल्दै हुर्केको फेवातालमा मैले जिविकोपार्जनका लागि डुंगामा लगानी गरेँ, यहि तालमा मैले मेरो आधाभन्दा बढी उमेर बिताएँ । अहिले यो तालको आवस्था पनि मेरो उमेर जस्तै भएको छ ।



मैया भुजेल

NEPAL

# GOVERNANCE Weekly



***Nepal Governance Weekly** एउटा मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरुलाई जोड्ने काम गर्दछ र यसले जवाफदेहिता सम्बन्धी उठेका भ्रामक तथा मिथ्या समाचारहरु सम्बन्धी तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दै नेपालमा जवाफदेहीताका मुद्दामा आवाज उठाउँछ । देशको अहिलेको अवस्था हेर्ने हो भने, आम नागरिकले सुशासनको सन्दर्भमा छिटो, वैज्ञानिक र तथ्यपरक जानकारीको खोजी गरिरहेका हुन्छन् । Nepal Governance Weekly मार्फत हामी परिवर्तनका सम्वाहकहरुको समुदाय निर्माण गर्दै निष्पक्ष र समतामूलक संयन्त्र निर्माणका लागि देशका कुनाकुनाबाट उठेका आवाजहरुको शक्ति प्रयोग गर्दछौं ।*

*लैङ्गिक समावेशिकरण, जलवायु परिवर्तन, सार्वजनिक सेवा सम्बन्धी उठाईएका मुद्दाहरुले राज्य शासन प्रणालीमा रहेको सदाचरिता र जवाफदेहिताको अभावलाई कम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालमा लोकतन्त्रको रक्षा गर्न, हामी तथ्यहरु खोजी गरेरं, उपयोगी जानकारी सार्वजनिक गर्दछौं र त्यसका लागि आवश्यक सञ्जाल निर्माण गर्दछौं ।*

Brought to you by:

accountabilitylab NEPAL

## *DISCLAIMER*

*यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोगको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिस्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

SUPPORTED BY:

CFLI/FCIL
Canada Fund for Local Initiatives
Fonds canadien d'initiatives locales

***REACH OUT TO US ON***

Email: nepal@accountabilitylab.org